एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
NMB MICROFINANCE BITTIYA SANSTHA LIMITED
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

**Head Office :**
Pokhara-29, Milanchowk, Hemja, Kaski
Phone : 061-400427, 400477,
Fax : 061-400428
Email : info@nmbmicrofinance.com
Website : www.nmbmicrofinance.com

# Unaudited Financial Results (Quarterly)

## As at 1st Quarter (Ashwin End) of the Fiscal Year 2074/75

Rs in '000'

| S. No. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities** | **2,392,964.52** | **2,149,042.06** | **1374939.52** |
| 1.1 | Share Capital | 140,875.00 | 112,700.00 | 86342.00 |
| 1.2 | Reserve Funds | 85,084.82 | 105,876.74 | 31035.11 |
| 1.3 | Debenture & Bonds | - | - | |
| 1.4 | Borrowings | 1,654,747.17 | 1,485,583.05 | 1000847.54 |
| 1.5 | Deposit Accounts | 460,377.59 | 404,171.98 | 233190.92 |
| | a. Member | 460,377.59 | 404,171.98 | |
| | b. Public | - | - | |
| 1.6 | Proposed Dividend | 1482.90 | - | 605.26 |
| 1.7 | Income Tax Liability | 3794.68 | 387.34 | 3993.09 |
| 1.8 | Other Liabilities | 46602.36 | 40,322.95 | 18925.60 |
| **2** | **Total Assets** | **2,392,964.52** | **2,149,042.06** | **1374939.52** |
| 2.1 | Cash and Bank Balance | 412,025.80 | 330,370.98 | 307678.56 |
| 2.2 | Money at Call and Short Notice | - | - | |
| 2.3 | Investments | 2,000.00 | 2,000.00 | |
| 2.4 | Loans and Advances | 1,955,007.02 | 1,797,137.07 | 1050337.78 |
| 2.5 | Fixed Assets | 13,989.32 | 11,541.76 | 9951.31 |
| 2.6 | Non Banking Assets | - | - | |
| 2.7 | Other Assets | 9,942.38 | 7,992.25 | 6971.87 |
| **3** | **Profit and Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 3.1 | Interest Income | 88,236.09 | 238,744.52 | 45,071.97 |
| 3.2 | Interest Expenses | 46,298.21 | 101,108.78 | 14,115.85 |
| | **A. Net Interest Income (3.1-3.2)** | **41,937.88** | **137,635.74** | **30,956.12** |
| 3.3 | Commission & Other Operating Income | 14,038.52 | 50,407.95 | 8,512.01 |
| 3.4 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| | **B.Total Operating Income (A+3.3+3.4)** | **55,976.40** | **188,043.69** | **39,468.13** |
| 3.5 | Employees Expenses | 26,829.80 | 70,394.61 | 18,167.93 |
| 3.6 | Other Operating Expenses | 8,514.19 | 31,172.84 | 4,392.03 |
| | **C. Operating Profit before Provision (B-3.5-3.6)** | **20,632.41** | **86,476.24** | **16,908.17** |
| 3.7 | Provision for Possible Losses | 6,768.15 | 15,380.06 | 2,003.75 |
| | **D. Operating Profit/ (Loss) (C-3.7)** | **13,864.26** | **71,096.17** | **14,904.42** |
| 3.8 | Non Operating Income/Loss | 49.55 | 268.10 | 0.81 |
| 3.9 | Write-Back of Provision for Possible Losses | - | - | - |
| | **E. Profit/(Loss) from Regular Business (D+3.8+3.9)** | **13,913.82** | **71,364.27** | **14,905.23** |
| 3.10 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| | **F. Profit Before Bonus and Taxes (E+3.10)** | **13,913.82** | **71,364.27** | **14,905.23** |
| 3.11 | Provision for Staff Bonus | 1,264.89 | 6,487.66 | 1,355.02 |
| 3.12 | Provision for Income Tax | 3,794.68 | 19,485.45 | 4,065.06 |
| | **G. Net Profit / (Loss) (F-3.11-3.12)** | **8,854.25** | **45,391.16** | **9,485.15** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 11.43% | 12.19% | 10.93% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 1.38% | 0.98% | 1.04% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 131.99% | 165.91% | 146.95% |
| 4.4 | Cost of Funds | 9.98% | 9.30% | 5.36% |

**Note:** :
1. The Unaudited Financial Figures may change if directed by Statutory Auditor/ Supervisory Authorities.
2. Previous Period Figures are regrouped or rearranged wherever necessary.
3. Loans and Advances are reported net of provisions where Gross Loans and Advances amount to NRs. 1,991,403 thousands.
4. The Company has made investments NRs. 2 million in promoter share of Nepal Finsoft Company Limited.
5. **Interest Rate**

**Deposit – Min 8% to Max 10% Loans and Advances- Min 12% to Max 18%**

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

# आ.व. २०७४/०७५ को प्रथम त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण** :

क) यस एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्थाको त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

यो वित्तीय संस्था एनएमबि बैंक लिमिटेडको सहायक कम्पनी हो जसको यसमा कुल शेयर मध्ये ५१ प्रतिशत शेयर स्वामित्व रहेको छ । यस वित्तीय संस्थाको एनएमबि बैंकसँगको सम्बन्धित पक्ष बीचका कारोबार निम्न बमोजिम छन् ।

| क्र.स. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | एनएमबि बैंकको लगानी | ७१,८४६,२५०.०० |
| २ | एनएमबि बैंकबाट लिएको सापटी | ४००,०००,०००.०० |
| ३ | एनएमबि बैंकलाई गरेको ब्याज भुक्तानी | ८,८४९,३१४.९८ |
| ४ | एनएमबि बैंकमा रहेको मौज्दात | ७,४२६,३६७.२० |

(ख) प्रमुख वित्तीय अनुपातहरु :

| | | | |
|---|---|---|---|
| प्रतिशेयर आम्दानी (वार्षिक) | : रु. २५.१४ | मूल्य आम्दानी अनुपात (वार्षिक) | : रु. १११.३७ |
| प्रति शेयर नेटवर्थ | : रु. १६०.४० | प्रति शेयर कुल सम्पत्तिको मूल्य | : रु. १,६९८.६४ |
| तरलता अनुपात | : १७.२२% | | |

२. **व्यवस्थापकिय विश्लेषण** :

(क) त्रैमासिक अवधिमा वित्तीय संस्थाको मौज्दात र आम्दानी लक्ष्य अनुरुप हासिल भएको छ । लक्ष्य अनुरुप सदस्य संख्या तथा लगानी बढाउँदै लैजानु, खर्चमा मितव्ययीता अपनाउनु र ब्याजदर लघुवित्तको बजार औषत भित्र नै कायम गरी ग्राहक सदस्यहरु आकर्षित गर्न सक्नु मुख्य सवल पक्ष रहेका छन् ।

(ख) गत आर्थिक वर्षको प्रथम त्रैमासमा भएको ब्याज आम्दानीको तुलनामा यस आर्थिक वर्षको प्रथम त्रैमासमा करीब ९६ प्रतिशतले वृद्धि भएता पनि ब्याज खर्च २२८ प्रतिशतले वृद्धि भएकोले नाफामा असर देखिएको हो ।

(ग) यस संस्थाले राष्ट्रिय स्तरको कार्यक्षेत्रमा विस्तार गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति पाएको छ र आगामी दिनमा वित्तीय पहुँच कम भएका थप हिमाली तथा पहाडी जिल्लाहरुमा शाखा विस्तार गर्ने कार्यलाई निरन्तरता दिने तथा तराईका जिल्लाहरुमा पनि क्रमशः शाखाहरु खोली लघुवित्त कार्यक्रम विस्तार गर्ने व्यवसायिक योजना रहेको छ । यस त्रैमासको अन्त्यमा यस वित्तीय संस्थाले ४१ वटा जिल्लामा ६२ वटा शाखा तथा ५ वटा उपशाखाहरु मार्फत ६१,८७० विपन्न घर परिवारमा लघुवित्त सेवा प्रदान गरिरहेको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण** :

(क) त्रैमासिक अवधिमा वित्तीय संस्थाले वा संस्थाको विरुद्द कुनै मुद्दा दायर भएको छैन ।

(ख) वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्दमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्द आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. **वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण** :

(क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन ।

(ख) शेयर सम्बन्धी विवरण

| | | | | | |
|---|---|---|---|---|---|
| अधिकतम मूल्य | : रु.३,२६६ | न्यूनतम मूल्य | : रु.२,५९७ | अन्तिम मूल्य | : रु.२,८०० |
| कारोबार भएको कुल दिन | : ५६ दिन | कारोबार संख्या | : ६०,७४१ कित्ता | | |

५. **समस्या र चुनौती** :

(क) कार्यक्षेत्रको भौगोलिक विकटताले कार्यक्रम सञ्चालन गर्दा कर्मचारी उत्पादकत्व कम देखिने तथा सोही कारणले सञ्चालन लागत बढी भएको चुनौतीको सामना गर्नु परेको छ ।

(ख) ग्रामीण क्षेत्रमा भौतिक पूर्वाधारहरुको विकास कम भएकाले सो क्षेत्रहरुमा कार्यक्रम विस्तार गर्नमा चुनौती रहेको छ ।

(ग) नयाँ लघुवित्त संस्थाहरुको वृद्धिको कारणले दोहोरोपनाको समस्या दिनानुदिन बढ्दै गएको र सदस्यहरुको काँधमा अधिक ऋणको बोझ बढ्दै गएको कारणले सजगता नअपनाए खराब ऋणको अंश बढ्दै जाने देखिन्छ । ऋणी र ऋण विश्लेषणलाई महत्व दिई कर्जाको गुणस्तर कायम गर्न विशेष प्रकृया अपनाइनेछ ।

(घ) बजारको ब्याजदरमा धेरै उतारचढाव आएकोले वित्तीय संस्थाले तय गरेको योजना अनुरुप प्रगती हुन नसकेको पाइएको छ ।

(ङ) व्यवस्थापनको रणनीति : उल्लेखित चुनौतीहरुको सामना गर्दै देशका सबै जिल्लाहरुमा कार्यक्षेत्र विस्तार गर्ने, वित्तीय पहुँचबाट टाढा रहेका ग्रामीण तथा विपन्न घर परिवारमा वित्तीय सेवा पुर्‍याउने, केन्द्र ब्यवस्थापनलाई उच्च महत्व दिई गुणस्तर कायम गर्ने, निक्षेप परिचालनलाई समेत विशेष महत्व दिने र वित्तीय संस्थासँग रहेका स्रोत तथा साधनको अधिकतम उपयोग गरी संस्थाको मुनाफा वृद्धिदर कायम राख्ने व्यवस्थापनको रणनीति रहेको छ ।

६. **संस्थागत सुशासन** :

वित्तीय संस्थाको सञ्चालक समिति, लेखा परीक्षण समिति, कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति लगायतका समितिहरु संस्था भित्र संस्थागत सुशासन कायम गर्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन वित्तीय संस्था प्रतिबद्ध छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।